# रास्कोट नगरपालिका

# स्थानीय राजपत्र

## रास्कोट नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ६, संख्या ९, रास्कोट राजपत्र** **मितिः २०८०/०१/११**

## भाग- २

### रास्कोट नगरपालिकाको शिक्षकको सरूवा तथा काज सम्बन्धी कार्यविधी २०७९

स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ उपदफा (१) बमोजिम रास्कोट नगरपालिका नगर कार्यपालिकाबाट पारित गरि सर्वसाधारणको जानकारीका लागि कार्यविधि प्रकाशित गरिएको छ ।

**प्रस्तावनाः**

रास्कोट नगरपालिकाको शिक्षा ऐन २०७९ को दफा ६४(१) ले दिएको अधिकार प्रयोग गरी नगरपालिका भित्रको शैक्षिक व्यवस्थापनलाई जवाफदेही र सुशासनयुक्त बनाई शैक्षिक गुणस्तर सुधार गर्न नगरपालिका नगर शिक्षा समितिले शिक्षकहरूको सरुवा तथा काज सम्बन्धी व्यवस्था गर्नका लागि देहायबमोजिम कार्यविधी तयार गरेको छ । यो कार्यविधी कर्णाली रास्कोट नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा लागुहुनेछ ।

**संक्षिप्त नाम र प्रारम्भः**

यस कार्यविधीको नाम "रास्कोट नगरपालिकाको शिक्षकको सरुवा तथा काज सम्बन्धी कार्यविधी २०७९" रहेकोछ ।

**यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।**

परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

"शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा सरकारी अनुदानको अस्थायी / स्थायी शिक्षक तथा सरकारी राहत र नगर अनुदानमा कार्यरत शिक्षक तथा प्रधानाध्यापक बुझ्नु पर्दछ।

" शिक्षा ऐन" भन्नाले कर्णाली रास्कोट नगरपालिकाको शिक्षा २०७९ बुझ्नु पर्दछ" ।

"कार्यालय" भन्नाले रास्कोट नगर कार्यपालिकाको कार्यालयबुझ्नु पर्दछ ।

"सामुदायिक विद्यालय" भन्नाले समुदायबाट वा सरकारी अनुदानबाट सञ्चालित आधारभूत तह (कक्षा १-५ र कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२ ) को विद्यालय बुझ्नु पर्दछ ।

"नगरपालिका" भन्नाले रास्कोट नगरपालिका बुझ्नु पर्दछ ।

"शाखा प्रमुख" भन्नाले शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखलाई जनाउछ ।

**१. सरुवा गर्ने आधार सम्बन्धी व्यवस्थाः**

(१) विद्यालयले रिक्त भएको पदको विवरण पद रिक्त भएको एक हप्ताभित्र अनुसूचि -१मा तोकिएको ढाँचामा कार्यालयलाई उपलब्ध गराउनेछ ।

(२) सरुवा हुन चाहेको शिक्षकले सरुवाको उपयुक्त कारणखोली अनुसूचि - २ मा तोकिएको ढाँचामा सरुवा फाराम भरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित साविक (छोड्ने) विद्यालयबाट सरुवा सहमति र सरुवा भै जान चाहेको (प्रवेश गर्ने) विद्यालयबाट सरुवा अनुमति प्राप्त गरी कार्यालयमा निवेदन दिनुपर्दछ ।

(३) नगरपालिकाले रीतपूर्वक प्राप्त निवेदन उपर छानबिन गरी आवश्यकता र उपयुक्तताका आधारमा सरुवा गर्न सक्नेछ ।

(४) सरुवा गर्दा आधारभूत प्राथमिक तहको हकमा शिक्षक विद्यार्थी अनुपात र आधारभूत निम्नमाध्यमिक र माध्यमिक तहको हकमा शिक्षक विद्यार्थी अनुपातका साथै विषयगत आधारमा सरुवा गरिनेछ ।

(५) विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी सहित शिक्षकलाई एक विद्यालय बाट अर्को विद्यालयमा सरुवा गर्दा निजले पेश गरेको विद्यालय विकास प्रस्ताव,निजको व्यवस्थापकीयकार्यकुशलता र नेतृत्व सीप रशैलीका आधारमा उपयुक्तता हेरी सरुवा गरिनेछ ।

(६)एकै विद्यालयमा तीन वर्ष सेवा अवधि पुगेका शिक्षक कर्मचारीहरूलाई नगर शिक्षा समितिले सम्बन्धित विद्यालयको सहमति विना पनि नगर क्षेत्रभित्रको अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(७)माथि उपनियम (१) देखि (६) मा जेसुकै लेखिएको भए तापनि नगरपालिका भित्रको शैक्षिक व्यवस्थापन एवम् गुणस्तर सुधार गर्ने क्रममा, शिक्षक दरबन्दी मिलान गर्ने क्रममा, शिक्षक विद्यार्थी अनुपात मिलान गर्ने क्रममा आवश्यक पुष्ट्याई र तथ्यका आधारमा शिक्षा शाखाको सिफारिसमा शिक्षा समितिले जुनसुकै बखत पनि शिक्षक तथा प्रधानाध्यापकहरूको एक विद्यालयबाट अर्को विद्यालयमासरुवा वा कामकाजमा खटाउन सक्नेछ ।

**२. अन्य स्थानीय तह मा सरुवा गर्ने वा काज खटाउनेसम्बन्धी व्यवस्थाः**

(१) अन्य स्थानीय तहबाट सरुवा भै आउन र सरुवा भै जानका लागि तहगत/विषयगत दरबन्दी र पद मिलान हुने गरी शिक्षा विकास तथा समन्वय इकाईसँगको समन्वयमा सरुवा गरिनेछ ।

(२) अन्य स्थानीय तहबाट सरुवा भै आउनको लागि अनुसुची - ३ को ढाँचामा साबिक ( छोड्ने) विद्यालय र स्थानीय तहको सहमति र सरूवा भै आउन लागेको ( प्रवेश गर्ने) विद्यालय र स्थानीय तहको अनुमति पत्र आवश्यक हुनेछ ।

(३) अन्य स्थानीय तहमा सरुवा भै जानको लागि साबिक ( छोड्ने) विद्यालय र स्थानीय तहको सहमति र सरुवाभै आउन लागेको (प्रवेश गर्ने) विद्यालय र स्थानीय तहको अनुमति पत्र आवश्यक हुनेछ ।

**३. शिक्षक तथा प्रधानाध्यापकलाई काजमा खटाउने सम्बन्धी व्यवस्थाः**

(१) सामान्यतया शिक्षक तथा प्रधानाध्यापकलाई विद्यालयको नियमित पठन पाठनमा असर पर्ने गरी अन्यत्र विद्यालय तथा कार्यालयमा काजमा खटाउन हुँदैन । तथापि सम्बन्धित शिक्षकको विज्ञताको सेवा अन्य विद्यालय तथा कार्यालयलाई तत्काल आवश्यक भएमा, विद्यालयको शैक्षिक गुणस्तर न्यून भएमा, माथिल्लो तह र श्रेणीको शिक्षकले नेतृत्व लिनुपर्ने अवस्था देखिएमा वा आचार संहिता उलङ्घन वा अन्य कारणले शिक्षकलाई कार्यरत विद्यालयमा रहन र कार्य गर्न असुविधा र असुरक्षास्पष्ट आधार देखिएमा वा नसियत दिनु परेमा औचित्य र आवश्कताका आधारमा कार्यालयले बढीमा तीन शैक्षिक सत्र सम्मको लागि शिक्षक तथा प्रधानाध्यापकलाई अन्य उपयुक्त विद्यालय तथा कार्यालयमा काजमा खटाउन सक्नेछ ।

(२) उपदफा १ बमोजिम काजमा सरुवा भएका शिक्षक तथा प्रधानाध्यापकहरुले निजको तलब भत्ता साविकको विद्यालयबाट खाए तापनि सरुवा भएको विद्यालयमा कार्यक्षमता र योग्यताका आधारमा आर्थिक अधिकार सहितको जिम्मेवारी लिन सक्नेछ ।

**४. दरबन्दी मिलान**

(१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा नगर शिक्षा समितिले दरवन्दी मिलान गर्न सक्नेछ ।

(२) एकै विद्यालयमा तीन वर्ष सेवा अवधि पुगेका शिक्षक कर्मचारीहरूलाई नगर शिक्षा समितिले सम्बन्धित विद्यालयको सहमति विना पनि नगर क्षेत्रभित्रको अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

३) प्रत्येक विद्यालयमा एउटा प्रारम्भिक बाल विकास केन्द्र रहने गरी बाल विकास केन्द्र र केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरूलाई आवश्यकताका आधारमा व्यवस्थापन गरिने छ ।

**५. कार्यविधी सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यविधिमा उल्लेख नभएका शिक्षक सरुवा वा काज सम्बन्धी अन्य व्यवस्था संघीय / प्रादेशिक शिक्षा ऐन नियमावली बमोजिम हुनेछ ।

**६. कार्यविधीमा संशोधन सम्बन्धी व्यवस्थाः**

(१) संघीय / प्रादेशिक शिक्षा ऐन नियमावलीसँग तालमेल हुने गरी नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाबोर्डले समय समयमा यस कार्यविधीमा परिमार्जन वा संशोधन गर्न सक्नेछ

**अनुसुचीः १**

**(नियम १(१) सँग सम्बन्धित)**

**पदरिक्त भएको विवरण**

श्री शिक्षा अधिकृतज्यू

शिक्षा युवा तथा खेलकूद शाखा

रास्कोटनगरपालिका नगरकार्यपालिकाको कार्यालय

कर्णाली, प्रदेश नेपाल |

**विषयः पदरिक्त भएको सम्बन्धमा**

यस विद्यालयमा------------------------- -------.कारणबाटमिति..............

....... देखि............................................तहर विषयको कार्यालय सहयोगी /सहायक / बालबिकास सहजकर्ता/शिक्षक पदरिक्त हुनआएकोले जानकारीका लागि अनुरोध छ ।

प्रधानाध्यापकको नामः

सहीः

विद्यालयः

**मितिः**

**अनुसुची २**

**(नियम १ ( २ ) सँग सम्बन्धित )**

**सरुवा हुन दिइने निवेदन**

श्री शिक्षा अधिकृतज्यू

शिक्षा युवा तथा खेलकुद शाखा

रास्कोटनगरपालिका नगरकार्यपालिकाको कार्यालय

कालीकोट, कर्णाली प्रदेश, नेपाल|

**विषयः सरुवा सम्बन्धमा ।**

मलाई निम्नलिखित विद्यालयमा सरुवा गरि दिन हुन देहायका विवरणहरू खुलाई निवेदन गरेको छु ।

शिक्षकको नाम थरः

स्थायी ठेगानाः

तह र श्रेणीः

हालको विद्यालयको नाम र ठेगानाः

सरुवा भै जान चाहेको विद्यालयको नाम र ठेगानाः

योग्यता र तालिमः

स्थायी नियुक्ति मितिः

हालको विद्यालय/पालिकामा काम गरेको अवधिः

सरुवा माग गर्नु पर्ने कारणः

निवेदकको-

सहीः

नामः

विदयालयः

मितिः

**<u>सरुवा भै जाने विद्यालयको सहमति</u>**

यस विद्यालयका शिक्षक श्री..........................................................लाई व्यवस्थापन समितिको मिति .......................को निर्णयअनुसार यस विद्यालयबाट सरुवा भई जान सहमति प्रदान गरिएको छ ।

विद्यालयको छाप

विद्यालय व्यवस्थापन समितिको अध्यक्षको-

सहीः

नामः

विद्यालयः मितिः

**<u>सरुवा भई आउने विद्यालयको सहमति</u>**

.......................................विद्यालयकाशिक्षकश्री ...............................................लाई

व्यवस्थापन समितिको मिति............................ को निर्णय अनुसार यस विद्यालयमा सरुवाभई आउन सहमति दिइएको छ ।

विद्यालयको छापः

विद्यालय व्यवस्थापन समितिको

सहीः

नामः

विद्यालयः

मितिः

**अनुसूची- ३**

**(नियम २ ( २ ) सँग सम्बन्धित )**

**अन्तर पालिका / जिल्ला सरुवा हुन दिइने निवेदन**

श्रीशिक्षा अधिकृतज्यू

शिक्षा युवा तथा खेलकुद शाखा

रास्कोटनगरपालिका नगरकार्यपालिकाको कार्यालय

कालीकोट कर्णाली प्रदेश नेपाल|

**विषयः सरुवा सम्बन्धमा ।**

मलाई निम्नलिखित विद्यालयमा सरुवा गरि दिन हुन देहायका विवरणहरू खुलाई निवेदन गरेको छु ।

शिक्षकको नाम थरः

स्थायी ठेगानाः

तह र श्रेणीः

स्थायी नियुक्ति मिति :

हालको विद्यालयको नाम र ठेगानाः

सरुवा भै जान चाहेको विद्यालयको नाम र ठेगानाः

योग्यता र तालिमः

हालको पालिका / जिल्लामा काम गरेको अवधिः

सरुवा माग गर्नु पर्ने कारणः

निवेदकको-

सहीः

नामः

विदयालयः

मितिः

**<u>सरुवा भै जाने गाउँ/नगरपालिकाको सहमति</u>**

यस गाउँ/नगरपालिका ......... ...............................विद्यालयकाशिक्षक श्री .........

...लाई गाउँ/नगरपालिकाको नगर शिक्षा समितिको मिति.................... निर्णय अनुसार यस नगरपालिकाबाट सरुवा भईजान सहमति प्रदान गरिएको छ ।

गाउँ/नगरपालिकाको छाप

शिक्षा शाखा प्रमुखको-

सहीः

नामः

गाउँ/नगरपालिकाः

मितिः

**<u>सरुवा भई आउने गाउँ/नगरपालिकाको सहमति</u>**

.........................................विद्यालयका शिक्षकश्री........................लाई नगरपालिकाको नगर शिक्षा समितिको मिति .................. को निर्णय अनुसार यस गाउँ/नगरपालिकामा सरुवा भई आउन सहमति दिइएको छ ।

गाउँ/नगरपालिकाको छापः

शिक्षा शाखा प्रमुखको-

नाम :

सही:

मितिः

आज्ञाले

जवान सिंह बम

प्रमुख प्रशासकीय अधिकृत